# 多言語情報コーナー　（令和７年１１月号）

## (१) एफएम कुरारा ८५७ रेडियो स्टेशन स्थापनाको १० औं बार्षिकोत्सवको बारेमा जानकारी !

एफएम कुरारा ८५७, तोचिगी प्रान्तको पहिलो सामुदायिक एफएम रेडियो स्टेशनको रूपमा सन् २०१५ मा खोलिएको थियो र यस बर्ष यसको १० औं बार्षिकोत्सव मनाईदैछ। यसले बिहान ७ बजेदेखि राति ९ बजेसम्म हरेक दिन १४ घण्टा प्रत्यक्ष प्रसारण गर्दछ।

तोचिगी शहरमा विपत्ति आउँदा, क्षतिको अवस्था, निकासी (आश्रय) केन्द्रहरू र पानीका ट्रकहरूको बारेमा जानकारी प्रसारण गर्दछ। सामान्य समयमा, स्थानीय घटनाहरू, परिचित बिषयहरू र वर्तमान बिषयहरू प्रसारण गर्दछ।

तोचिगी कोकुसाई कोउर्युउ क्योउकाई (तोचिगी सिटी इन्टरनेशनल एसोसिएसन) ले बिदा बाहेकका दिनहरुमा, शहरको मेयर तथा शहरका अधिकारीहरू स्टुडियोमा उपस्थित भएर नगरसरकारको जानकारी प्रदान गर्ने "तोचिसुके पीको ह्याप्पी टाउन" नामक कार्यक्रममा,　प्रत्येक महिनाको अन्तिम हप्ताको बिहान ११:३५ बजेदेखि "बहुभाषी सूचना कुना" ले विदेशी बासिन्दाहरूको लागि सात भाषाहरूमा शहरको बारेमा जानकारी दिने कार्यक्रम प्रसारण गरिरहेको छ।

साथै, यस बर्षको अप्रिल महिना देखि, महिनाको प्रत्येक तेस्रो शनिबार साँझ ६:०० बजे देखि, "समुद्र पारिको जीवन 〜तोचिगी शहरमा विविधता" नामक कार्यक्रम, जसमा पेरु, नेपाल, फिलिपिन्स र श्रीलंकाका प्रसारण स्वयंसेवकहरूले आफ्नो देशको परम्परागत संस्कृति र चलनहरू आदिका जानकारीहरु स्थानीय बासिन्दाहरूसँग साझा गरिरहेका छन्।

एफएम कुराराको एप्लि डाउनलोड गरेर, तपाईंले आफ्नो स्मार्टफोन वा अन्य उपकरणमा सुन्न सक्नुहुन्छ।

आपतकालीन अवस्थामा, रेडियो एक प्रभावकारी प्रकोप रोकथामको माध्यम हुन सक्दछ।
तोचिगी शहरको बारेमा जानकारी प्राप्त गर्न नियमित रूपमा रेडियो एफएम कुरारा सुन्ने बानी किन नबसाल्ने ?

## (२) साना रिचार्जेबल ब्याट्रीहरू प्रयोग गर्ने उपकरणहरू फाल्ने तरिकामा सावधान रहनुहोस् !

साना रिचार्जेबल ब्याट्रीहरू प्रयोग गर्ने उपकरणहरू, उदाहरणका लागि, मोबाइल ब्याट्रीहरू, रिचार्जेबल खेलौनाहरू, ई-चुरोट, वा विद्युतीय टूथब्रस आदिहरुलाई, "जलाउन सकिने" वा "जलाउन नसकिने" फोहोरको रूपमा कहिल्यै पनि नफाल्नुहोला। फाल्ने तरिका गलत भएमा, आगलागी र विस्फोटको खतरा निम्त्याउन सक्छ।

साना रिचार्जेबल ब्याट्रीहरू फोहोर सङ्कलन स्टेशनहरूमा फाल्न पाईदैन। कृपया तिनीहरूलाई "रिसाइकल सहयोगी स्टोरहरू" जस्तै इलेक्ट्रोनिक्स ठूलो मात्रामा खुद्रा विक्रेताहरूको पसलमा अवस्थित "सानो रिचार्जेबल ब्याट्री रिसाइक्लिङ्ग बक्स" मा राख्नुहोस्। थप रूपमा, शियाकुस्योको मुख्य भवन, ओहिरा, फुजिओका, चुगा, निशिकाता, इवाफुनेका सोउगोउ शिस्यो (सामान्य शाखा कार्यालयहरू), र तोचिगी क्लिन प्लाजामा राखिएका "साना रिचार्जेबल ब्याट्री रिसाइकल बक्स" प्रयोग गर्नुहोस्।

ड्राई सेल ब्याट्री र सिक्का ब्याट्रीहरूलाई फोहोर स्टेशनहरूमा "खतरनाक फोहोर" को रूपमा फाल्न सकिन्छ। तर, बटन ब्याट्रीहरूलाई फोहोर स्टेशनहरूमा फाल्न पाईदैन। कृपया तिनीहरूलाई इलेक्ट्रोनिक्स खुद्रा विक्रेताहरूमा "बटन ब्याट्री सङ्कलन क्यान (बटन ब्याट्रीहरूको लागि मात्र)" मा राख्नुहोला। तिनीहरूलाई राख्दा अवश्य पनि उक्त स्टोरको कर्मचारीलाई भन्न नबिर्सनुहोला।

"जलाउन मिल्ने फोहोर" र "जलाउन नमिल्ने फोहोर" मा साना रिचार्जेबल ब्याट्रीहरू मिसाइएर फ़्याँकेको कारणले फोहोर ओसार्ने ट्रक र फोहोर व्यवस्थापन सुविधाहरूमा धेरै आगलागीहरु भएका छन्।
तपाईंहरुको सहयोगले आगलागी रोक्न मद्दत गर्नेछ। त्यसैले सही तरिकाले फोहोर छुट्याउन सहयोग गर्नहुन अनुरोध गरिन्छ।

## (३) तोचिगी कृषि महोत्सव २०२५ आयोजना हुने बारे जानकारी !

**JA** शिमोचुके र तोचिगी नगरको सह-आयोजनामा, ‘‘तोचिगी कृषि महोत्सव" दुई स्थानमा दुई दिनसम्म आयोजना हुने जानकारी गराईन्छ।

पहिलो दिन नोभेम्बर २२ तारीख शनिबार, ओहिरामाचीको कुराई स्थित तोचिगी सिटी ओहिरा स्पोर्ट्स पार्कको पहिलो बहुउद्देश्यीय मैदानमा आयोजना हुनेछ। दोस्रो दिन डिसेम्बर ६ तारीख शनिबार, कावारादा-माचि स्थित तोचिगी सिटी जनरल स्पोर्ट्स पार्कको फाउन्टेन (फोहरा) मैदानमा आयोजना हुनेछ। दुवै दिनका कार्यक्रमहरु, बिहान ९:०० बजेदेखि दिउँसो २:०० बजेसम्म चल्नेछ। उक्त कार्यक्रमहरु पानी परेपनि आयोजना हुनेछ, र जो कोहीलाई पनि सहभागी हुन स्वागत छ।

त्यहाँ स्थानीय कृषि उत्पादनका र खानेकुराका स्टलहरू हुनेछन्। अनि, नि:शुल्क तरकारी वितरण आदि गरिनेछ। दुवै दिन बिहान ९:३० बजेदेखि नि:शुल्क चामल वितरण कार्यक्रम पनि छ।
नोभेम्बर २२ तारीखमा, दिउँसो १ बजेदेखि नि:शुल्क निरा वितरण गरिनेछ। डिसेम्बर ६ तारीखमा, दिउँसो १ बजेदेखि नि:शुल्क मूला वितरण गरिनेछ। सबै नि:शुल्क वितरणहरु पहिले लाईनमा लाग्ने २०० जनामा सीमित छ, त्यसैले यदि तपाईं इच्छुक हुनुहुन्छ भने, चाँडै पुग्नुहोला।